World Vision

# लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण (GEDSI)

## वार्षिक प्रगति प्रतिवेदन - २०२४

“ रूपान्तरित लैंगिक सम्बन्धले गरिबीको मूल कारणलाई सम्बोधन गरी दिगो विकास लक्ष्य हासिल गर्नमा योगदान पुऱ्याउँछ भन्नेमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको विश्वास रहेको छ । ”

### असमानताको न्यूनीकरण

नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धीहरूको पक्ष राष्ट्र भएको हुनाले लैंगिक समानता र सामाजिक समावेशीकरणप्रति कानूनी रूपमा नै प्रतिबद्धता जनाइसकेको छ । दिगो विकास लक्ष्यका तीनवटा लक्ष्यहरू लैंगिक समानता र सामाजिक समावेशीकरणसँग सम्बन्धित छन् : दिगो विकास लक्ष्य १ (निरपेक्ष गरिबीको पूर्ण रूपमा अन्त्य गर्ने र गरिबी आधा न्यूनीकरण गर्ने), दिगो विकास लक्ष्य ५ (लैंगिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने) र दिगो विकास लक्ष्य १० (सन् २०३० सम्ममा (देशभित्र र देशहरूबीचको) असमानता कम गर्ने रहेका छन् ।

### गरिबी निवारण

नेपालको संविधानले नेपाललाई समावेशी राज्यका रूपमा परिकल्पना गरेको छ र देशका सम्पूर्ण नागरिकलाई समानताको हक सुनिश्चित गरेको छ । विगतका केही दशक नेपाल सरकार र विकास साझेदारले लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्नका लागि विभिन्न नीतिगत ढाँचाहरू निर्माण गरी कार्यान्वयन गरेका छन् । नेपाल सरकारका विभिन्न मन्त्रालयले समेत दिगो विकास लक्ष्यसँग मेल खाने गरी लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणसँग सम्बन्धित क्षेत्रगत नीति तथा कार्यविधिहरू अवलम्बन गरेका छन् ।

### लैंगिक समानता

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले पनि लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणलाई अन्तर्सम्बन्धित विषयका रूपमा प्राथमिकतामा राखेको छ । जनशक्ति विविधताको अवधारणा वर्ल्ड भिजनको मूल मान्यता र रणनीतिक लक्ष्यअनुरूप छ । "हामी मानिसलाई महत्व दिन्छौं" भन्ने हाम्रो मूल मान्यताले सबै मानिसको समान महत्व र समान मर्यादाप्रति यो संस्था प्रतिबद्ध रहेको देखाउँछ । सन् २०२४ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणको अवधारणालाई आफ्ना सबै क्रियाकलापमा समावेश गर्न सफल भएको छ ।

## १ नीति तथा प्रणाली- सन् २०२४

**क) वर्ल्ड भिजन इन्टरनेशनल नेपालको स्पोन्सरसीप कार्यक्रमका लागि बालबालिका छनोट गर्दा अपांगता भएका बालबालिकाको समावेशीकरणसम्बन्धी निर्देशिका:**

यो निर्देशिका वर्ल्ड भिजन इन्टरनेशनल नेपालको स्पोन्सरसीप कार्यक्रमका लागि बालबालिकाको छनोट प्रक्रियामा संलग्न हुने सम्बन्धित कर्मचारी र समुदायका मानिसले अवलम्बन गर्नुपर्ने चरणबद्ध प्रक्रियाबारे मार्गनिर्देशन प्रदान गर्नका लागि तयार पारिएको हो । यो निर्देशिकाले वर्ल्ड भिजन इन्टरनेशनल नेपालको बाल स्पोन्सरसीप कार्यक्रममा बालबालिकाको नाम दर्ता गर्नेदेखि लिएर छनोटको चरणसम्म अपांगता भएका बालबालिकालाई समावेश गर्ने उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउँछ । यो स्पोन्सरसीपको छुट्टै प्रक्रिया होइन, तर यसले योजनाबद्ध रूपमा नै वर्ल्ड भिजन इन्टरनेशनल नेपालको कार्यक्रममा अपांगता भएका बालबालिकाको संख्या बढाउनमा जोड दिन्छ । यो निर्देशिकाले अति जोखिममा रहेका बालबालिकाप्रति हामीले गरेको प्रतिबद्धतालाई थप घनिभूत बनाउन सहयोग गर्नेछ भन्नेमा वर्ल्ड भिजन विश्वस्त छ ।



**ख) अनुगमन, मूल्यांकन तथा सिकाइ प्रणाली (MEAL System) मा लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरण**

साझेदार संस्थाका निम्ति लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणसम्बन्धी क्षमता तथा जोखिम मूल्यांकनको डिजिटल सामग्री निर्माण गरिएको छ । विगतका वर्षहरूमा म्यानुअल समेत प्रयोगमा ल्याइएको थियो । अर्कोतर्फ, यस वर्ष यो नयाँ सामग्रीलाई ड्यासबोर्डसँग समेत जोडिएको छ । अब भने यसलाई लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरण मूल्यांकनको सामग्रीका साथै लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणको क्षमता मापनको एकिकृत सामग्रीका रूपमा प्रयोग गरिनेछ । अनुगमन, मूल्यांकन तथा सिकाइ प्रणालीमा लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणलाई समावेश गर्दा यसले लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण सम्बन्धमा साझेदार गैरसरकारी संस्थाका नीति, कार्यक्रम तथा अभ्यासमा केन्द्रित रही उनीहरूको कार्यसम्पादनको अवस्था मापन गर्नमा सहयोग पुऱ्याउँछ ।

**ग) लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम म्यानुअल निर्देशिका :**

साझेदार गैससका लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण (लैसअसास) सम्बन्धी सम्पर्क व्यक्तिलाई सहयोग गर्ने उद्देश्यले वर्ल्ड भिजन इन्टरनेशनल नेपालले लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण सम्बन्धी एउटा तालिम निर्देशिका निर्माण गरेको छ । यो निर्देशिका उनीहरूले लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिममा सिकेका ज्ञान र सीपका आधारमा तयार पारिएको हो र यो नेपाली भाषामा लेखिएको छ । यो निर्देशिका के आधारमा साझेदार गैरसरकारी संस्थाका लैसअसास सम्पर्क व्यक्तिले कार्यसमितिका सदस्य र सम्बन्धित संस्थाका कर्मचारीलाई समेत उक्त तालिम प्रदान गर्नेछन् ।

**घ) लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरण (लैसअसास) सम्बन्धी ईडिजिटल-लर्निङ कोर्स पाठ्यक्रमः**

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र यसका साझेदार गैससहरूले आफ्ना नीति, कार्यक्रम तथा अभ्यासहरूमा लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने प्रतिबद्धता देखाइरहेका छन् । स्थानीय स्तरमा रहेर कार्यक्रम कार्यान्वयन गर्ने साझेदार गैससहरू वर्ल्ड भिजन इन्टरनेशनल नेपालका सम्पूर्ण कार्यक्रमहरू अग्रपंक्तिमा बसी कार्यान्वयन गर्ने निकाय हुन् । त्यसैले, वर्ल्ड भिजन इन्टरनेशनल नेपालले लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण र समावेशीकरणका सम्बन्धमा आफ्ना स्थानीय साझेदार संस्थाका ज्ञान, सीप र बुझाइ अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ । यसै उद्देश्यले वर्ल्ड भिजन इन्टरनेशनल नेपालले लैसअसास सम्बन्धी डिजिटल पाठ्यक्रमको निर्माण गरेको छ । यो पाठ्यक्रम नेपाली र अंग्रेजी दुवै भाषामा छ । यसमा लैसअसास सम्बन्धी मूलभूत अवधारणा, मुख्य सन्धी सम्झौता र नेपाल सरकारका नीति तथा मूलप्रवाहीकरण एवम् समावेशीकरणका विभिन्न उपायहरू, आदि समेटिएको छ । यो कोर्स मूलतः साझेदार गैससका कर्मचारी र कार्यसमिति सदस्यहरूलाई लक्षित गरी बनाइएको हो । यसलाई वर्ल्ड भिजनको इ-क्याम्पस (WVe-campus) मा राखिनेछ र साझेदार संस्थाले यसलाई खोलेर हेर्न सक्नेछन् । आर्थिक वर्ष सन् २०२५ देखि यो पाठ्यक्रम परिचालित हुनेछ ।

## २ कार्यक्रम र असल अभ्यासहरू- सन् २०२४

**क) भूकम्प प्रतिकार्य :**




यस वर्ष पश्चिम नेपालका दुई जिल्ला जाजरकोट र बझाङ भूकम्पको नराम्रो चपेटामा परे । भूकम्पबाट प्रभावित बालबालिका लगायत समुदायलाई वर्ल्ड भिजन इन्टरनेशनल नेपालले खाद्यान्न तथा जीविकोपार्जन, शिक्षा र संरक्षणका माध्यमबाट सम्पूर्ण सहायता प्रदान गऱ्यो ।

भूकम्पबाट प्रभावित बालबालिका र वयस्क गरी कुल १,४६९ जनालाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहायता प्रदान गरियो । स्थानीय बाल अधिकार समितिहरूसँग पालिका स्तरका बैठकहरू गरी आपत्कालीन अवस्थामा बाल संरक्षणका लागि अपनाउन सकिने भैपरी आउने योजनाबारे उहाँहरूलाई अभिमुखीकरण गरियो । विपद् सचेतना र संरक्षणका विषयमा रेडियो कार्यक्रममार्फत् आम सर्वसाधारणमा जनचेतना जगाउने काम सम्पन्न भयो । किशोरी, गर्भवती महिला र सुत्केरी आमाहरूलाई मर्यादित महिनावारीका सामग्रीहरू वितरण गरियो । पाँच वर्षमुनिका कुल २,३१४ जना बालबालिका र २३७ जना गर्भवती महिलालाई सर्वोत्तम पिठो (Super flour) वितरण गरियो । अग्रपंक्तिमा रहेर भूकम्प प्रतिकार्यमा काम गर्नेहरूलाई सुरक्षा, लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणबारेको संवेदनशिलता र कसैलाई हानी नगर्ने उपायबारे भर्चुअल र प्रत्यक्ष अभिमुखीकरण उपलब्ध गराइयो ।

**ख) पश्चिम फिल्ड अफिसमा (सबै जिल्लामा) अपांगता मूल्यांकन**

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको पश्चिम फिल्ड अफिसले फिल्ड स्तरमा बसी कार्यक्रममा दर्ता गरिएका २९,३४८ जना बालबालिकासँग काम गरिरहेको छ । अति जोखिममा रहेका बालबालिका र खासगरी अपांगता भएका बालबालिकासम्म पुगी उनीहरूलाई सहयोग गर्नका लागि स्पोन्सरसीप कार्यक्रमले पश्चिमको कार्यक्षेत्रमा अपांगता भएका व्यक्ति तथा बालबालिकाको वर्तमान अवस्थाको नक्सांकन गर्ने काम गरेको छ । यस अध्ययनमा ८ वटा जिल्ला र २६ वटा पालिकाहरू समेटिको थियो । आधाररेखा मूल्यांकन र प्राविधिक आवश्यकता मूल्यांकन गरी दुईवटा किसिमबाट यो अध्ययन गरिएको थियो । मूल्यांकन अध्ययनबाट अपांगता भएका जम्मा १२,२१६ व्यक्ति तथा बालबालिका पहिचान गरिएको थियो । आवश्यकता मूल्यांकन सामाजिक-आर्थिक अवस्था, पहिचान, शिक्षा र सहायता सामग्रीको आवश्यकता गरी चारवटा क्षेत्रमा केन्द्रित थियो । पहिचान गरिएका व्यक्ति र बालबालिकालाई सहायता सामग्री वितरण गर्ने कार्य सुरु भइसकेको छ । मूल्यांकनका समयमा स्थानीय सरकारले पनि वर्ल्ड भिजन इन्टरनेशनल नेपालसँग सहकार्य गरेका थिए र उनीहरूले यस किसिमको जनसंख्यालाई आफ्ना नीति र कार्यक्रममार्फत् सहायता गर्न सकिने सम्भावित उपायहरू पनि खोजेका छन् ।

**ग) साझेदार गैससमा लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशितासम्बन्धी वार्षिक मूल्यांकन :**

वर्ल्ड भिजन इन्टरनेशनल नेपालका स्थानीय स्तरका सम्पूर्ण साझेदार गैससमा लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशिताको क्षमताको अवस्था कस्तो छ मूल्यांकन गरिएको छ । आर्थिक वर्ष सन् २०२४ मा कुल २९ वटा साझेदार गैसस (पश्चिम फिल्ड अफिसअन्तर्गत १४ वटा/पूर्व फिल्ड अफिसअन्तर्गत १० वटा/शहरी कार्यक्रम अन्तर्गत ३ वटा/राष्ट्रिय स्तरका साझेदार २ वटा) को मूल्यांकन गरिएको थियो । आफ्ना संस्थाका नीति, कार्यक्रम तथा अभ्यासलाई लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशितामैत्री बनाउन सहयोग पुऱ्याउने सामग्री निर्माण गरेकोमा साझेदार गैससहरूले कृतज्ञता व्यक्त गरेका थिए ।

**घ) नयाँ क्षेत्रगत कार्यक्रममा लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशिता विश्लेषण र छुट्टै कार्ययोजनाः**

वर्ल्ड भिजन अष्ट्रेलिया र वर्ल्ड भिजन जापानको सहयोगमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले आर्थिक वर्ष २०२४ देखि नेपालको बाँके जिल्लाका नरैनापुर र जानकी गाउँपालिकामा दुईवटा नयाँ क्षेत्रगत कार्यक्रमको सुरुवात गरेको छ । नयाँ क्षेत्रगत कार्यक्रम कार्यान्वयनको एउटा हिस्साका रूपमा वर्ल्ड भिजनका साझेदार संस्थाहरूले प्रस्तावित कार्यक्षेत्रमा लैंगिकता, सामाजिक समावेशिता, महिला, पुरुष, बालक, बालिका, अपांगता भएका व्यक्ति र जोखिममा रहेका एवम् सीमान्तकृत समूहको सामाजिक अवस्थाका सम्बन्धमा राम्रोसँग थाहा पाउनुपर्ने हुन्छ । वर्ल्ड भिजन एउटा बालकेन्द्रित संस्था भएको हुनाले यस संस्थाले सम्बन्धित क्षेत्रमा बाल समृद्धिको अवस्था प्राथमिकीकरणमा रहेका आवश्यकताबारे यथेष्ट जानकारी हासिल गर्न आवश्यक ठानेको छ । यस सम्बन्धमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले नरैनापुर र जानकी गाँउपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिता एवम् अपांगतासम्बन्धी एउटा विस्तृत आवश्यकता विश्लेषण गर्न गइरहेको छ । यो आवश्यकता विश्लेषणको उद्देश्य बाल समृद्धि हासिल गर्नका लागि प्राथमिकतामा राख्नुपर्ने विभिन्न तत्वहरूका सम्बन्धमा सरोकारवाला र साझेदार संस्थाहरूलाई जानकारी गराउनु हो ।

**ङ) अपांगता समावेशीकरण साझेदार :**

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले अपांगता भएका व्यक्ति र बालबालिकाका क्षेत्रमा लामो समयदेखि काम गर्दै आइरहेको छ । वर्ल्ड भिजनका सम्पूर्ण कार्यक्रममा यी समूहलाई प्राथमिकता दिइएको छ । सिकाइलगायतका अनुदान परियोजनामा अपांगता भएका व्यक्तिको समावेशीकरणमा विशेष जोड दिइएको छ । यद्यपि, यसबाट एक कदम अझ अगाडि बढेर वर्ल्ड भिजनले अपांगताकै क्षेत्रमा काम गर्ने विशिष्ट संस्थासँग साझेदारी गर्न गइरहेको छ । यसका अधिकांश साझेदारहरूले अपांगता भएका व्यक्तिको समावेशीकरणमा काम गर्छन् । यस पटक भने प्राविधिक रूपले अपांगताकै क्षेत्रमा काम गर्नका लागि साझेदारी गरिनेछ । यसले पनि अपांगताको समावेशीकरणप्रति वर्ल्ड भिजनको प्रतिबद्धतालाई स्पष्ट पारेको छ ।

**च) लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण सम्बन्धी छुट्टै उपलब्धि—सिकाइ प्लसः**

मधेशका महिलाहरूले जात/जाति, भाषा, संस्कृति, आर्थिक अवस्था र धर्मका आधारमा विभिन्न तहमा विभेद खेप्नु परिरहेको छ । त्यहाँ बालविवाह, दाइजो प्रथा अझै पनि व्याप्त छन्, जसले बालिकाको समृद्धि र अधिकारमा नकारात्मक असर पारिरहेको छ । त्यसैले, वर्ल्ड भिजनको अघिल्लो सिकाइ परियोजनाका आधारमा यसका जात, जातीयता, अपांगता, लिंग, आदिलाई मध्यनजर गर्दै कार्यक्रमलाई विस्तार गरी अति जोखिममा रहेका समुदायमा रहेका घरपरिवारको आर्थिक सशक्तीकरण गर्ने र तिनका बालबालिका खासगरी अपांगता भएका बालबालिका समेतको समावेशी र गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ "सिकाइ प्लस" परियोजना लागु गरेको छ । परिवारको कमजोर आर्थिक अवस्था नै खासगरी जोखिममा रहेका बालबालिकाको शिक्षाको मुख्य बाधक हो । तसर्थ, वर्ल्ड भिजन इन्टरनेशनल नेपालले गुणस्तरीय शिक्षामा जोखिममा रहेका बालबालिकाको पहुँच अभिवृद्धि गर्नका लागि उत्थानशील जीविकोपार्जनका माध्यमबाट विशेष गरी महिला हेरचाहकर्ताको आर्थिक सशक्तीकरण गर्न खोजेको छ । वर्ल्ड भिजन इन्टरनेशनल नेपालले जीविकोपार्जनका उत्थानशील उपायहरूका माध्यमबाट हेरचाहकर्ता र त्यसमा पनि महिला हेरचाहकर्तालाई आर्थिक रूपले सशक्तीकरण गर्न चाहेको छ । यो लक्ष्य हासिल गर्नका लागि वर्ल्ड भिजन इन्टरनेशनल नेपालले अपांगता र सामाजिक समावेशितालाई जोड दिँदै महिलाको आर्थिक सशक्तीकरणका लागि छुट्टै उपलब्धि सूचकहरू तयार पारेको छ ।

## ३ संस्थागत संस्कृति- सन् २०२४

### क) लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिक सल्लाहकार समिति

नयाँ राष्ट्रिय रणनीतिको निर्माण कार्य सम्पन्न भइसकेपछि FSAB को भूमिका सान्दर्भिक देखिएको छ र संस्थाका नीति, कार्यक्रम र अभ्यासमा लैंगिक समानता र सामाजिक समावेशीकरणका विषयलाई निरन्तरता प्रदान गर्दै अपांगतालाई पनि समावेश गरी लैजानका लागि रणनीतिक भूमिका निर्वाह गर्नुपर्ने भएको छ । सन् २०२३ सम्ममा सल्लाहकार समितिले लैंगिकता र सामाजिक समावेशीकरणका विषयलाई उचित किसिमले सम्बोधन गर्नुका साथै वर्ल्ड भिजन नेपालको लैंगिक मूल्यांकन तथा कार्ययोजनामा उल्लेख्य सहयोग प्रदान गरी आफ्नो काम र भूमिका निर्वाह गर्ने सवालमा परिपक्वता देखाइसकेको छ । लैंगिक समानता तथा सामाजिक समावेशिता भनेको महिलासँग मात्र सम्बन्धित विषय नभएको हुनाले वर्ल्ड भिजन नेपालका सम्पूर्ण कर्मचारीहरूले लैंगिक समानता तथा सामाजिक समावेशिताको अभ्यास गरिरहेको सुनिश्चित गर्नका लागि यसमा पुरुष कर्मचारीको समेत प्रतिनिधित्व भएमा थप योगदान पुग्ने र उनीहरूले यस विषयमा आवाज मुखरित गर्न सक्ने भनी प्रस्ताव गरिएको थियो । तसर्थ, पछि उक्त समितिको नाम लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिक सल्लाहकार समिति (G-SAB) राखिएको छ । यो समिति स्वेच्छिक भएको र कर्मचारीबाट छनोट हुने भएकोले कार्यालयको काम पनि गर्ने र भविष्यमा श्रम व्यवस्थापन प्रक्रियामा कुनै परिवर्तन गर्नुपर्ने भएमा समेत यसैले श्रम समितिको काम पनि गर्नेछ ।


**मनिशा श्रेष्ठ**
पी एण्ड सी बिजनेश पार्टनर - ट्यालेन्ट एक्वीजीशन


**प्रमिल अधिकारी**
फिल्ड पोलिसी एण्ड कम्युनिकेशन लिड


**रूबिना श्रेष्ठ**
एकाउन्टिङ रिपोर्टिङ एण्ड सर्भिस म्यानेजर


**सम्झना मगर**
सप्लाई चेन म्यानेजमेन्ट अफिसर


**अन्जु भट्टराई**
टी पी कोअर्डिनेटर - प्रोटेक्शन


**आरती शर्मा**
जेड्सी (GEDSI) लिड


**गणेश पाण्डे**
टेक्निकल हेड-हेल्थ एण्ड न्युट्रिशन

### ख) साझेदार गैसस र वर्ल्ड भिजन नेपालको क्षमता विकास

यो वर्ष लैंगिक समानता, अपांगता र सामाजिक समावेशितासम्बन्धी वार्षिक रूपमा गरिने पुनर्ताजगी तालिमका अतिरिक्त वर्ल्ड भिजन नेपालका विभिन्न कर्मचारी र साझेदार गैससका कर्मचारीका निम्ति क्षमता विकासका अवसरहरू प्रदान गरियो । यो वर्ष कुल ३२ जना (महिला १७, पुरुष १५) नयाँ कर्मचारीले लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशिताको अवधारणा, यसप्रति वर्ल्ड भिजन नेपालको प्रतिबद्धता तथा यसका कार्यक्रम र अभ्याससम्बन्धी सुरुवाती तालिम तथा अभिमुखीकरण प्राप्त गरे ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालका लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशितासम्बन्धी सम्पर्क व्यक्ति, सम्पूर्ण साझेदार गैसस र रणनीतिक सल्लाहकार समितिका सदस्यहरूको क्षमता अभिवृद्धिका निम्ति लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशिता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरियो । यस तालिमले सहभागीहरूलाई आ-आफ्ना संस्थामा लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशिताको अवस्था थप बुझ्न मद्दत गर्नुका साथै नीति, कार्यक्रम तथा अभ्यासहरूमा लैसअसास बारे जान्न सहयोग पुऱ्यायो । यो तालिमले कर्मचारीहरूबीचमा लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशिताका हिसाबले संवेदनशील भई व्यवहार गर्न र सोही अनुरूप सञ्चार गर्न मद्दत गऱ्यो भने लैसअसासको अवधारणा र सीपलाई व्यापक रूपमा प्रसार गर्न सक्ने जनशक्तिको पनि विकास गऱ्यो । साझेदार गैससका लैसअसाससम्बन्धी सम्पर्क व्यक्तिले उक्त ज्ञान र सीपलाई आ-आफ्ना टिममा विस्तार गर्न थालिसकेका छन् ।

### ग) आस्थाको मार्गमा लैंगिकता (CoH-Gender)- प्राविधिक सहयोग तथा परीक्षण

आस्थाको मार्ग नामक परियोजना वर्ल्ड भिजन इन्टरनेशनल नेपालले आस्था र विकास भन्ने मूल विषयअन्तर्गत रही कार्यान्वयन गरिरहेको एउटा परियोजना हो । यसलाई वर्ल्ड भिजन नेपालको संरक्षण कार्यक्रममा राम्रोसँग अभ्यास गरिएको छ । तर, अब यसलाई लैंगिकतासँग जोडिएको छ, जसले गर्दा आस्थाका अगुवाहरूले समाजमा जरो गाडेर बसेका लैंगिकता एवम् परम्परागत सामाजिक मान्यताबारे बुझ्ने अवसर प्राप्त गर्छन् र यसविरुद्ध काम गर्न सक्छन् । आस्थाको मार्गका सम्बन्धमा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल विज्ञ संस्था हो भने इस्लामिक रिलिफ नेपाल भन्ने संस्थाले यस विषयमा तालिमको सहजीकरणका लागि आफ्नो प्राविधिक विज्ञता उपलब्ध गराउन चाहेको थियो । तसर्थ, वर्ल्ड भिजन इन्टरनेशनल नेपालले इस्लामिक रिलिफ नेपालको सहकार्यमा आस्थाको मार्ग र लैंगिकताका सम्बन्धमा सफलतापूर्वक तालिम सम्पन्न गरेको छ । उक्त तालिमले वर्ल्ड भिजन इन्टरनेशनल नेपालका आस्थाको मार्गमा लैंगिकताअन्तर्गतका विज्ञलाई नेपालमा पहिलो पटक उक्त तालिमको परीक्षण गर्ने कार्यमा सहयोग गरेको थियो । अर्कोतिर, यो टिमले सो तालिमको एउटा निर्देशिका बनाउने पनि योजना तय गरेको छ, जसलाई सन् २०२५ बाट वर्ल्ड भिजन इन्टरनेशनल नेपालका साझेदार संस्थाहरूले प्रयोग गर्नेछन् ।

## ४ समता र समावेशिता–सन् २०२४

### क) कार्यस्थलमा सहज पहुँच – अपांगता समावेशीकरण :

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले अपांगतालाई कार्यक्रम, नीति तथा संस्थागत संस्कारमा समावेश गर्ने आफ्नो प्रतिबद्धताअनुरूप कार्यस्थललाई अपांगता भएका व्यक्ति र बालबालिकाका निम्ति पहुँचयोग्य बनाउने कार्यमा लगानी गरिरहेको छ । यो वर्ष तीनवटै कार्यालयहरू (पश्चिम फिल्ड अफिस, पूर्व फिल्ड अफिस र UPO/राष्ट्रिय कार्यालय) लाई पहिलाभन्दा बढी पहुँचयोग्य बनाइएको छ ।

### ख) लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण संवाद र शक्ति संवाद (GEDSI Talk and Power Talk) :

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा आफ्ना कर्मचारीको सीप, ज्ञान र क्षमता वृद्धि गर्न प्रतिबद्ध छ । लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण संवाद र शक्ति संवाद लैंगिकता, अपांगता र सामाजिक समावेशीकरणका विभिन्न तत्वहरूका सम्बन्धमा कर्मचारीहरूलाई संवेदनशील बनाउने र यस सवालमा उनीहरूको सीप र ज्ञानको दायरा फराकिलो र थप मजबुत बनाउने उद्देश्यका साथ यस संस्थाले नियमित छलफल तथा संवाद सञ्चालन गर्ने गरेको छ । सन् २०२४ मा यो संवाद निम्न विषयवस्तुमा केन्द्रित थियो :

- लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण र समावेशीकरण (अपांगता, लैंगिक तथा यौनिक अल्पसंख्यक समूह, समावेशिता)
- वर्ल्ड भिजन इन्टरनेशनलको नयाँ परिवर्तनमा लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरण
- रूपान्तरणमुखी नेतृत्व
- अधिकारमुखि पद्धतिमा आधारित विधि
- लैंगिक उत्तरदायी/रूपान्तरणमुखी बजेट निर्माण तथा व्यावसायिक प्रक्रिया
- महिलाको आर्थिक अधिकार र आर्थिक सशक्तीकरण
- गौरव महिनाका बेला लैंगिक तथा यौनिक अल्पसंख्यक+ सम्बन्धी सचेतना तथा जागरण
- लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणप्रति उत्तरदायी बजेट निर्माण तथा स्थानीय तहको योजना निर्माण प्रक्रिया

यी संवादहरू कर्मचारीसँग सञ्चार गर्ने, उनीहरूलाई नयाँ ज्ञान र सूचना तथा जानकारीहरू प्रदान गर्ने र सम्बन्धित विषयमा खुला छलफल गर्ने बलियो माध्यम बनेका छन् ।

### ग) GEDSI मैत्री बजेट


आर्थिक वर्ष सन् २०२४ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणका लागि रकम उपलब्ध गराउने अर्को एउटा प्रतिबद्धता पनि देखायो । यसले आफ्ना प्राविधिक कार्यक्रम र स्पोन्सरसीप क्रियाकलापमा लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणलाई लक्षित गरी मूलप्रवाहीकरण गर्ने विधि तथा क्रियाकलाप समावेश गरिसकेको छ । यी परियोजना तथा कार्यक्रमका अलावा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले यस संस्थामा लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणका विभिन्न पक्षहरूलाई समावेश तथा मूलप्रवाहीकरण गर्नका लागि २६ लाख रूपैयाँ रकम लगानी गरेको छ । यसले लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणप्रति वर्ल्ड भिजन इन्टरनेशनल नेपालको प्रतिबद्धता देखाउने मात्रै नभई लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणलाई अगाडि बढाउनका लागि यो संस्था कति गम्भीर रूपमा लागिरहेको छ भन्ने पनि स्पष्ट पार्छ ।

## ५ समावेशिता र ऐक्यबद्धता- सन् २०२४


सन् २०२४ वर्ल्ड भिजन इन्टरनेशनल नेपालका लागि प्रतिबद्धता र ऐक्यबद्धताको वर्ष रह्यो । लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणका लागि यस संस्थाले अहिलेसम्म गरेका कामका लागि यस क्षेत्रमा काम गर्ने बाह्य समुदायबाट पनि व्यापक प्रशंसा गरियो । त्यसै गरी, लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणका क्षेत्रमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले गरेको कामलाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूले समेत प्रशंसा गरेका छन् । यसले वर्ल्ड भिजन इन्टरनेशनल नेपाललाई भविष्यमा अझ राम्रो काम गर्ने हौसला प्राप्त भएको छ ।

यस वर्ष वर्ल्ड भिजन इन्टरनेशनल नेपालले अन्तर्राष्ट्रिय गैरसरकारी संस्था महासंघअन्तर्गतको लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यदलमा सह-संयोजकका रूपमा यसको नेतृत्व गरिरहेको छ । यसले पनि वर्ल्ड भिजन नेपाललाई लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणप्रति प्रतिबद्ध संस्थाको मान्यता दिलाएको छ । यसका साथै, वर्ल्ड भिजन इन्टरनेशनल नेपाल अन्तर्राष्ट्रिय गैरसरकारी संस्था महासंघ अन्तर्गतको अपांगता कार्यदलको सदस्य संस्था समेत बनेको छ । यसले पनि अपांगता भएका व्यक्ति र बालबालिकाप्रतिको यस संस्थाको प्रतिबद्धतालाई प्रष्ट पारेको छ ।


## कर्मचारी संरचना - सन् २०२१




- महिला, ६३, ३४%
- पुरूष, १२१, ६६%





- ब्राह्मिण, ६२, ३४%
- क्षेत्री तथा ठकुरी, ३९, २१%
- पहाडी दलित, ७, ४%
- जनजाती, ७०, ३८%
- मधेशी, २, १%
- मुस्लिम, १, ०%
- अन्य, ३, २%





- बुद्धिस्ट, १२, ६%
- इसाई, ५३, २९%
- हिन्दु, ११७, ६४%
- मुस्लिम, १, ०%
- अन्य, १, १%


## कर्मचारी संरचना - सन् २०२२




- महिला, ६६, ३७%
- पुरूष, ११०, ६३%





- ब्राह्मिण, ५२, ३०%
- क्षेत्री तथा ठकुरी, ४२, २४%
- पहाडी दलित, ६, ३%
- जनजाती, ७१, ४०%
- मधेशी, २, १%
- मुस्लिम, १, १%
- अन्य, २, १%





- बुद्धिस्ट, १४, ८%
- इसाई, ५१, २९%
- हिन्दु, ११०, ६२%
- मुस्लिम, १, १%
- अन्य, ०, ०%


## कर्मचारी संरचना - सन् २०२३




- महिला, ६६, ३७%
- पुरूष, १११, ६३%




- ब्राह्मिण, ४९, २८%
- क्षेत्री तथा ठकुरी, ३५, २०%
- पहाडी दलित, ८, ४%
- जनजाती, ७७, ४३%
- मधेशी, ४, २%
- मुस्लिम, १, १%
- अन्य, ३, २%





- बुद्धिस्ट, १८, १०%
- इसाई, ४२, २४%
- हिन्दु, ११६, ६५%
- मुस्लिम, १, १%
- अन्य, १, १%


## कर्मचारी संरचना - सन् २०२४




- महिला, ७७, ४०%
- पुरूष, ११५, ६०%




- ब्राह्मिण, ५४, २८%
- क्षेत्री तथा ठकुरी, ३७, १९%
- पहाडी दलित, ९, ५%
- जनजाती, ८१, ४२%
- मधेशी, ६, ३%
- मुस्लिम, २, १%
- अन्य, ३, २%




- बुद्धिस्ट, १८, ९%
- इसाई, ४२, २२%
- हिन्दु, १२८, ६७%
- मुस्लिम, २, १%
- अन्य, १, १%

**सम्पर्क :**
**रोजलिन एच ग्याब्रियल**
राष्ट्रिय निर्देशक (National Director)

**लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित जानकारीका लागि**
**आरती शर्मा**
लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरा बिशेषज्ञ (GEDSI Lead)